सौर्य खेलकुद
www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

नवौं एलआरआई बास्केटबल र फुटसल फेस्टको तयारी पूरा भएको आयोजक एलआरआई स्कुलले जनाएको छ । एलआरआई स्कुलले पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी पूरा भएको जनाएको हो

नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर आसिफ शेखले आईसीसी स्पिरिट अफ क्रिकेट अवार्ड प्राप्त गरेका छन् । बिहीबार अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले उक्त अवार्ड आसिफले प्राप्त गरेको जनाएको हो ।

लामाको अध्यक्षतामा कराते महासंघ पुनर्गठन

■ सौर्य समाचार

काठमाडौं । लामो समयदेखि विवादमा रहेको नेपाल कराते महासंघ पुनर्गठन भएको छ । राष्ट्रिय खेलकुद परिषद (राखेप) का पूर्व सदस्य सचिव युवराज लामाको अध्यक्षतामा बिहीबार २१ सदस्य नेपाल कराते महासंघ पुनर्गठन भएको छ ।महासंघका पूर्व सदस्यहरुसहितको महासंघको सहअध्यक्षमा दावा गुरुङ, उपाध्यक्षमा पुरेन्द्रबिक्रम लाखे, महासचिव हरिशरण केसी, सहमहासचिवमा ओमकृष्ण प्रसाईं, सचिव श्याम शेर्पा, बलराम मित्र, कोषाध्यक्ष सानुलाल श्रेष्ठ लगायत छन् । राखेपका पूर्व सदस्य सचिव लामालाई करातेको निर्वाचन गराउने जिम्मेवारी दिइएको छ । उक्त कमिटीले ९० दिन भित्रमा चुनाव गरि सक्नु पर्न जिम्मेवारी छ ।

यसअघि उस्तै प्रकृतिका दुई संघ अस्तित्वमा रहेको भन्दै २०७५ सालमा पनि शम्भु आचार्यको संयोजकत्वमा तदर्थ समिति गठन भएको थियो र निर्वाचन गर्ने जिम्मेवारी दिइएको थियो ।

तर चार वर्ष बितिसक्दा पनि महासंघको निर्वाचन हुन सकेको छैन । दुई संघ अस्तिस्तवमा रहँदा नेपालको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता कमजोर बन्दै गएको छ ।

सन् २०११ मा तत्कालीन राष्ट्रिय खेलकूद परिषद् राखेपका सदस्य सचिव युवराज लामाले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको मान्यताप्राप्त नेपाल कराते महासंघ अस्तित्वमा हुँदाहुँदै राष्ट्रिय मान्यताप्राप्त भन्दै आफ्नो संरक्षकत्व तथा दावा गुरुङको अध्यक्षतामा नेपाल कराते महासंघ पुनर्गठन गरेका थिए ।

त्यसयता एसियाली खेलकुददेखि अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको दुई फरक टिमले सहभागिता जनाउने अवस्थासम्म पुगेको थियो ।

दुईवटा कराते महासंघ अस्तित्वमा रहँदा अन्तर र्राष्ट्रियरूपमा चिनिएको नेपाली करातेको प्रदर्शन निरन्तर ओरोलो लागिरहेको छ । २०५६ सालमा नेपालमा भएको आठौं दक्षिण एशियाली खेलकूद सागमा करातेले १४ स्वर्ण पदक हासिल गरी इतिहास रचेको थियो ।

करातेको विवादका कारण १२ औं दक्षिण एसियाली खेलकूदमा यसलाई समावेश गरिएको थिएन् । लामा आफैँले निम्त्याएको करातेको विवाद समाधानका लागि अहिले उनैले नयाँ भूमिकासहित जिम्मेवारी पाएका छन् ।

टाइगर कप भलिबल

आर्मीले पुलिसलाई हरायो

■ सौर्य समाचार

काठमाडौं । विभागीय डर्वी भिडन्तमा त्रिभुवन आर्मी क्लबले नेपाल पुलिस क्लबलाई पराजित गरेको छ ।

पोखरामा जारी तेस्रो टाइगर कप राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फ आर्मीले पुलिसलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार भएको खेलमा आर्मीले पुलिसलाई २५-१७, २५-१९ र २५-२३ को सोझो सेटमा हरायो । हारका बावजुत पुलिस चौथो भएर सेमिफाइनलमा पुगेको छ ।

यस जितसँगै पुरुषतर्फको सेमिफाइनल समिकरण पूरा भएको हो । यस जितसँगै आर्मी ४ खेलबाट ७ अंक जोडेर राउन्ड रोविन लिगमा तेस्रो भएको छ । पुलिस २ अंक जोडेर चौथो स्थानमा रह्यो ।

अब सेमिफाइनलमा शीर्षस्थानमा रहेको एपिएफ र चौथो स्थानमा रहेको पुलिससँग खेल्नेछ । यस्तै दोस्रो स्थानमा रहेको गण्डकी र तेस्रो स्थानमा रहेको आर्मीबीच प्रतिस्पर्धा हुनेछ । दुवै सेमिफाइनल शुक्रबार हुनेछ ।

एपिएफले ४ खेलबाट १२ अंक बटुल्यो । गण्डकीले ८ अंक जोड्यो । श्रीलंकाको सेन्ट जोसेफ वाज स्पोर्टस् क्लब १ अंक जोडेर जितविहीन हुँदै बाहिरिएको छ ।

महिलातर्फ साविक विजेता एपिएफ र उपविजेता आर्मी फाइनलमा पुगिसकेको छ । फाइनल शनिबार हुनेछ । शुक्रबार होङ्गान्जी न्यु डायमण्ड युथ स्पोर्ट्स क्लब र घरेलु टोली गण्डकी प्रदेशले तेस्रो स्थानको लागि खेल्नेछ । शुक्रबार पुरुषतर्फको सेमिफाइनल खेल हुनेछ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा गत आइतबारदेखि सुरु भएको प्रतियोगितामा महिलातर्फ ४ र पुरुषतर्फ ५ टोलीको सहभागिता रहेको छ । महिलातर्फ एपिएफ, आर्मी, डायमण्ड र गण्डकीको सहभागिता छ । पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, सेन्ट जोसेफ वाज स्पोर्टस् क्लब श्रीलंका, नेपाल पुलिस, एपिएफ र गण्डकी प्रदेश गरी ५ टोलीको सहभागिता रहेको छ ।

पहिलो संस्करणमा पुरुषतर्फ गण्डकी र महिलामा पुलिस तथा दोस्रो संस्करणमा महिलातर्फ एपिएफ र पुरुषतर्फ आर्मी च्याम्पियन बनेको थियो । महिला र पुरुष दुवैतर्फको विजेताले समान ५ लाख र उपविजेताले २ लाख ५० हजार प्राप्त गर्नेछन् । तेस्रोले १ लाख २५ हजार र सान्त्वना हुनेले ६५ हजार प्राप्त गर्नेछन् ।

दुवैतर्फको सर्वोत्कृष्ट खेलाडीले जनही २५ हजार तथा विधागततर्फका उत्कृष्टले समान १० हजार प्राप्त गर्नेछन् ।

सूर्य नेपाल एनपीजीएको उपाधि दिनेशलाई

■ सौर्य समाचार

काठमाडौं । सातौं वरीयताका दिनेश प्रजापति सूर्य नेपाल गल्फ टुर अन्तर्गत २०२२-२३ सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधि जित्न सफल भएका छन् ।

रोयल नेपाल गल्फ क्लबमा भएको ३६ होलको फाइनलमा १३औं वरीयताका रमेश अधिकारीलाई ७/६ ले हराउँदै दिनेश उपाधि जित्न सफल भएका हुन्। उपाधिसँगै दिनेशले ६० हजार प्राप्त गरे। दोस्रो भएका रमेशले ४२ हजार हात पारे ।

सूर्य नेपाल गल्फ टुरमा पहिलो उपाधि जित्ने क्रममा दिनेशले पहिलो नौ होलको खेलमा ४ होलको अग्रता बनाए ।

१८ होलको समाप्तिमा दिनेश आठ होलको फराकिलो अग्रता बनाउन सफल रहे। खेलमा फर्कने संकेत देखाएका रमेशले १९औं, २०औं, २१औं र २२ औं होल लगातार जित्दै दिनेशको अग्रतालाई चार होलमा घटाए ।

दिनेशले २३औं होल जित्दा रमेशले २४औं र २५औं होल आफ्नो पक्षमा पार्दै दिनेशको अग्रतालाई तीन होलमा झारे । तर २६औं र २७औं होल आफ्नो पक्षमा पार्दै दिनेशले ५ होलको अग्रता बनाए। यसपछि दिनेशले २९औं र ३०औं होल जित्दै ६ होल बाँकी रहँदा सहज जितका साथ उपाधि आफ्नो नाममा लेखाए । प्रतियोगितामा आठौं वरीयताका धनबहादुर थापा तेस्रो भए । १८ होलको प्रतिस्पर्धा बराबरीमा टुङ्गिएपछि धनले प्ले-अफको पहिलो होलमा १०औं वरीयताका भुवन कुमार रोक्कालाई पराजित गरे ।

तेश्रो भएका धनले ३२ हजार र भुवनले २४ हजार प्राप्त गरे ।

क्वाटरफाइनलमा पराजित चार खेलाडीहरू नेपाल नम्बर एक प्रो शुक्रबहादुर राई, दोस्रो वरीयताका भुवन नगरकोटी, तेस्रो वरीयताका जयराम श्रेष्ठ र पाँचौ वरीयताका रबि खड्काले समान ११ हजार प्राप्त गरे ।

यसैगरी पहिलो चरणबाट बाहिरिएका टंक बहादुर कार्की, सञ्जोक मोक्तान, कृष्णमान राजबाहक, प्रदीप कुमार लामा, सञ्जय लामा, सूर्य प्रसाद शर्मा, बलभद्र राई र रामे मगरले समान छ हजार प्राप्त गरे । गत सिजनको उत्कृष्ट १६ प्रोफेसनल गल्फरले प्रतियोगितामा भाग लिने भएता पनि चार खेलाडी देश बाहिर रहेकोले उत्कृष्ट २० सम्मका खेलाडीले भाग लिएका थिए ।

सूर्य नेपाल प्रालिको प्रायोजनमा पीजीए नेपालले आयोजना गरेको प्रतियोगिताको कुल पुरस्कार राशी २ लाख ५० हजार छ ।

विजयी खेलाडीहरुलाई सूर्य नेपाल प्रालिका मार्केटिङ म्यानेजर केशव प्रधान र ब्रान्ड म्यानेजर विदुरराज अधिकारीले पुरस्कार वितरण गरे ।

सूर्य नेपाल गल्फ टुर अन्तर्गत २०२२-२३ सिजनको चौंथो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन पोखरास्थित हिमालयन गल्फ कोर्षमा फाल्गुन १० गतेदेखि आयोजना हुनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति २०७९-१०-१३

यस डिभिजनको मिति २०७९/०8/27 गतेको रास्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०5-२०७९/८० अनुसार E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावाग्राही देखी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिएको बोलापत्रदाताहको नाम	कवोल रकम (मु.अ.क. र PS समेत)
1	RDCNP/33701138/ 2079/80-36	Construction of Pavement and Drain Works along Chandranigahpur Gaur Sadak, Rautahat	समग्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली., चन्द्रपुर-५, रौतहट	रु.१३५३६५४७.३९

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना

यस डिभिजनबाट रास्ट्रिय दैनिकको मिति २०७९/०८/२७ को संस्करणमा प्रकाशित Invitation for Bids Notice No.:-०५-२०७९/८० को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आवहान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवंम् आर्थिक प्रस्ताव मध्ये मिति २०७९/०९/२८ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मुल्याकंन समितिबाट मुल्याकंन सम्पन्न भई मिति २०७९/१०/०६ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मिति :- २०७९/१०/२२ गते, आईतवार, समय :- बिहान ११:०० बजे, स्थान :- सडक डिभिजन चन्द्रनिगाहपुर

सि.नं.	ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावाग्राही देखिएका बोलापत्रदाताहरुको नामावली
1	RDCNP/33701176/ 2079/80-37	Construction of Blacktop and Drain Works along Dhansar-Kathariya-Karkach Road, Rautahat.	१. कुटुम्ब/रेड अर्थ/भुवनेश्वरी जे.भी., थाहा न.पा.-९, मकवानपुर २. साहु कन्स्ट्रक्सन, पतौरा, रौतहट

डिभिजन प्रमुख

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१२५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी